# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सः ०८०/०८१
च.नः ०८

मितिः २०८०/०४/०१

**विषयः निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।**

**श्री सामुदायिक विद्यालयहरु सबै,**
**भरतपुर महानगरपालिका, चितवन।**

प्रस्तुत विषयमा शैक्षिक प्रशासन महाशाखाबाट विभिन्न समयमा भएका निरीक्षण अनुगमन तथा सरोकारवालाहरुबाट प्राप्त राय सुझाव र नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा नीतिगत निर्णयहरु समेतका आधारमा सामुदायिक विद्यालयको व्यवस्थापन तथा सुधारका लागि भरतपुर महानगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुलाई देहायअनुसार गर्न गराउनका लागि नगर शिक्षा समितिको मिति २०८०/०३/२५ मा निर्णय भएबमोजिम सोही अनुसार गर्न गराउनका लागि अनुरोध गरिन्छ।

(क) विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीहरु, नेपाल सरकार र प्रदेश सरकारका विभिन्न निकायले आयोजना गर्ने शैक्षिक तालिम गोष्ठी लगायतका कार्यक्रमहरुमा शैक्षिक प्रशासन महाशाखाबाट स्वीकृती लिएर मात्र सहभागी हुन जाने।

(ख) सामुदायिक विद्यालयका कक्षा ११-१२ को पठनपाठन समयका सम्बन्धमा यस पूर्व नेपाल सरकार शिक्षा मन्त्रालयको परिपत्र अनुसार सबै कक्षा दिउँसोकै समयमा सञ्चालन गर्ने।

(ग) विद्यालयमा उपलब्ध शिक्षक दरबन्दी र मौजुदा शिक्षकको विषयगत योग्यता समेतका आधारमा प्रधानाध्यापकको शिक्षण कार्यबोझ कम गरी व्यवस्थापकीय र शिक्षकको कक्षा अवलोकन सहजीकरण जस्ता कार्यमा समय लगाउने। तर प्रधानाध्यापकले आफ्नो विषयको न्यूनतम कक्षा अनिवार्य रुपमा लिने।

(घ) सबै विद्यालयले पाठ्यक्रम बमोजिम निरन्तर विद्यार्थी मूल्याङ्कन अनिवार्य रुपमा लागु गर्ने। साथै पाठ्यक्रमअनुसार आन्तरिक मूल्याङ्कन कार्य तोकिएकै समयमा सम्पन्न गरी अभिलेख अद्यावधिक गराइराख्ने।

(ङ) प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रममा रहेका बालबालिकाको प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण (ELDS Report Card) तोकिए अनुसार सो कक्षाका बालबालिकाको मूल्याङ्कन गरी अभिलेख राख्ने व्यवस्था मिलाउने।

(च) स्थानीय विषयको विद्यार्थी मूल्याङ्कनका लागि शैक्षिक प्रशासन महाशाखाले तयार पारेको पोर्टफोलियो अनिवार्य रुपमा लागु गर्ने।

(छ) सबै विद्यालयको आय व्यय र खर्च प्रणाली पारदर्शी बनाई वित्तीय सुशासन कायम गर्न एकल खाता सञ्चालन सम्बन्धी व्यवस्था अनुरुप एउटा मात्रा खात सञ्चालनमा ल्याउने र अन्य खाता बन्द गर्ने।

(ज) सामुदायिक विद्यालयमा दिवा खाजाको व्यवस्था भएको हुँदा सबै विद्यालयले आधारभूत तहका सबै कक्षा समेत ४:०० बजेसम्म नै सञ्चालन गर्ने। यसो गर्दा कक्षा ३ सम्मका विद्यार्थीलाई खेल र मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न गराउने व्यवस्था मिलाउने।

(झ) प्रधानाध्यापकले विषयगत रुपमा न्यूनतम कक्षामा पठनपाठन गर्दै अनुगमन निरीक्षण तथा विद्यालयको अन्य कामकारबाही गर्ने व्यवस्था मिलाउने।

**बोधार्थः**
श्री २९ वटै वडा शिक्षा समिति, भरतपुर महानगरपालिका, चितवन ।
श्री सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर म.न.पा.- सबै वडालाई जानकारीको लागि वेबसाइटमा अपलोड गरिदिनु हुन।

दिपक सिग्देल
अधिकृतस्तर आठौं

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np